CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83473
Received Date: October 1, 2024 Accepted Date: August 3, 2025

स्नातक तहमा समाविष्ट कथामा भाषाशैली

केशव भुसाल
केन्द्रीय क्याम्पस, त्रि.वि., काठमाडौं
Correspondance email: *keshabbhusal.tu@gmail.com*

लेखसार

प्रस्तुत लेख स्नातक तहमा समाविष्ट कथाहरूमा प्रयोग गरिएको भाषाशैली अध्ययनमा आधारित रहेको छ । स्नातक तहमा समाविष्ट कथामा निहित भाषाशैलीको अध्ययन गर्नु, निर्दिष्ट कथामा प्रयुक्त भाषाशैलीको प्रकृति विश्लेषण गर्नु र निर्दिष्ट कथामा व्यवहृत भाषाशैली सम्बन्धमा अध्ययनरत विद्यार्थीहरूको दृष्टिकोण प्रस्तुत गर्नु यस लेखका मुख्य उद्देश्य रहेका छन् । प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस लेखमा पुस्तकालयीय कार्य तथा सर्वेक्षण विधिका माध्यमबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ । यस क्रममा कथाको भाषाशैलीसम्बद्ध सैद्धान्तिक सामग्रीहरूको अध्ययन-विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा कथा सिद्धान्तका बारेमा चर्चा गरिएका सैद्धान्तिक सामग्रीहरूलाई मुख्य सामग्रीका रूपमा उपयोग गरिएको छ भने विद्यार्थीबाट प्राप्त तथ्यलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनका आधारमा स्नातक तहमा समाविष्ट कथाहरूमा परम्परागत, आधुनिक, औपचारिक, अनौपचारिक, संवृत्त र विवृत्त भाषाशैलीको प्रयोग गरिएको, कुनै पनि कथाको भाषाशैली सरल, सहज, बोधगम्य र मौलिक हुनेपर्ने धारणा विद्यार्थीहरूबाट प्राप्त भएको, यद्यपि स्नातक तहमा समाविष्ट कथामा निहित भाषाशैली सम्बन्धमा विद्यार्थीहरूमा अपेक्षाकृत जानकारी नरहेको लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनले स्नातक तहमा समावेश गरिएका कथाका रचनाकार, अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थीका अलावा यस क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि आवश्यकीय ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

शब्दकुञ्जी : स्नातक तह, स्नातक नेपाली, कथा, भाषाशैली, भाषाशैली अध्ययनका आधार ।

अध्ययनको पृष्ठभूमि

कथा शब्द संस्कृतको 'कथ्' धातुमा 'आ' प्रत्यय लागेर बनेको शब्द हो । यसको व्युत्पत्तिगत अर्थ कथ्नु वा भन्नु भन्ने हुन्छ । यो एक प्रकारको कुराकानी हो । त्यसैले कथा भनेको व्यक्तिका मनमा लागेका भाव वा विचारलाई शृङ्खलावद्ध रूपमा प्रस्तुत गर्नु हो । कथा साहित्यको आख्यानात्मक गद्य विधा हो । मानिसका जीवन जगत्मा घटेका, घट्न सक्ने र यस सम्बन्धमा कल्पना गरिएका

घटनाहरूको गद्यमय सङ्क्षिप्त अभिव्यक्ति कथा हो । आज जुन विधालाई कथा भनिन्छ वा जसरी सम्बोधन गरिन्छ यो मूलतः १९ औं शताब्दीको देन हो । यद्यपि कथाको इतिहासलाई यत्तिमै सीमित राख्न सकिन्न । यसलाई परम्परासम्म तन्काउन पनि भन्न सकिन्छ । मानवीय गतिविधि वा परिश्रमको सन्दर्भमा प्राप्त गरेको अनुभूतिलाई भन्ने र सुन्ने प्रक्रियासँग कथाको इतिहासलाई जोड्न सकिन्छ । यसरी अर्थ्याउँदा "कथालाई मान्छेको इतिहाससँग नजिक छ भन्न सकिन्छ र यो एउटा पुरानो विधा हो" (गौतम, २०६९, पृ.१) । त्यसैले कथालाई मानव सभ्यताको प्राचीन विधाका रूपमा लिने गरिएको पाइन्छ ।

कथाका माध्यमबाट विभिन्न विचार कथनात्मक क्षमता विकास, मानव सभ्यताको विकाससँगै संसारमा क्रमशः लोककथा, वैदिककथा, पौराणिक कथा, नीतिकथा आदि कथाहरूको विकास हुँदै आएको हो । आधुनिक कथाको प्रारम्भ इस्वीको १९ औं शताब्दीमा एड्गर एलेन पोले गरेका हुन् (लम्साल, भट्टराई र कँडेल, २०७०) । कथा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । मानव अस्तित्वको आरम्भदेखि नै मनुष्यले उसका आफ्ना साथी सङ्गीहरूसँग अभिव्यक्ति गर्दै आएको आख्यानलाई कथा भन्न थालियो । आधुनिक सन्दर्भमा कथाले निश्चित परिभाषा तथा मूल्य ग्रहण गर्नु अघि कथा भन्ने र सुन्ने मानव समाज तथा इतिहासको शृङ्खलासँगै गाँसिदै आएको छ । मान्छेले आफ्नो सुख दुःख, प्रेम घृणा र अनुभूतिहरु विभिन्न आवेग संवेगहरु तथा मानवीय संवेदनाका स्तरमा रहेका शाश्वत भावहरु एक अर्कोलाई सुनाउँदै र सुन्दै आउँदा ती कथ्य भावहरूले लिखित रूप ग्रहण गरेर तिनलाई आज कथा नामले सम्बोधन गर्न थालियो । त्यसैले आजको कथालाई लोककथाको उत्तराधिकारी विधा हो भनिन्छ । कथालाई मानव सभ्यताको संवाहक भनिन्छ । कथा लेख्य रूपमा आउनुभन्दा अगाडि मानव समाजमा भन्ने र सुन्ने परम्पराको रूपमा लोकप्रिय भएको देखिन्छ ।

कथाको भाषाशैली कथाकारको कथा प्रस्तुति शैलीसँग सम्बन्धित हुन्छ । कथामा प्रयोग गरिने भाषाशैली कथाको विषयवस्तुमा पनि निर्भर रहन्छ । कथामा प्रयोग गरिने भाषाशैलीले कथालाई सरल, सहज, बोधगम्य वा चित्ताकर्षक बनाउन सक्छ । यस दृष्टिले स्नातक तहमा समावेश गरिएका कथाहरु केकस्ता छन् भन्ने जिज्ञासा नै प्रस्तुत अनुसन्धानको मुख्य समस्या हो भने यसका अन्य समस्याका रूपमा निर्दिष्ट तहमा समाविष्ट कथाका प्रयुक्त भाषाशैलीको प्रकृति र त्यसप्रति अध्ययनरत विद्यार्थीहरूको प्रतिक्रिया रहेका छन् । यी विभिन्न समस्यामा आधारित रहेर प्रस्तुत अध्ययनको उद्देश्य निर्धारण गरिएको छ । यसअनुसार प्रस्तुत अध्ययनको मुख्य उद्देश्य स्नातक तहको अनिवार्य नेपालीमा समाविष्ट कथामा प्रयुक्त भाषाशैलीको अध्ययन रहेको छ भने यसका विशिष्ट उद्देश्यअन्तर्गत निर्दिष्ट कथामा प्रयुक्त भाषाशैलीको प्रकृति विश्लेषण गर्नु तथा निर्दिष्ट कथामा प्रयुक्त भाषाशैली र त्यसको प्रकृतिप्रति स्नातक तह, प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूका प्रतिक्रिया प्रस्तुत गर्नु रहेका छन् । स्नातक तहमा समावेश गरिएका कथाहरूमा आधारित भई यस किसिमले अध्ययन अनुसन्धान भएको नदेखिएकाले प्रस्तुत अनुसन्धान यस क्षेत्रमा नवीन हुने अपेक्षा गरिएको छ ।

अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस अध्ययनमा पुस्तकालयीय कार्य र स्थलगत अध्ययनका माध्यमबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ । यस क्रममा नेपाली तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको सूक्ष्म अध्ययन गरिएको छ । यस अध्ययनमा शैलीविज्ञानका बारेमा चर्चा गरिएका सैद्धान्तिक पुस्तकहरूलाई मुख्य सामग्रीका रूपमा र यससम्बद्ध लेखरचना तथा नेपाली आख्यानात्मक कृतिहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र तथा मानविकी सङ्काय, स्नातक तह, प्रथम वर्षको नेपाली विषयमा समावेश गरिएका पाँचओटा कथाहरु : 'एक रात', 'लङ्का काण्ड', 'आरूको बोट', 'पछबरिया टोल' र 'गाउँमा गीतहरु गुञ्जिदैनन्' मा व्यवहृत भाषाशैली र त्यसको प्रकृति तथा त्यस सम्बन्धमा विद्यार्थीले दिएका प्रतिक्रियाको अध्ययन गरिएको छ । यस क्रममा सोद्देश्यमूलक तरिकाले पाँच ओटा कथाहरूको छनोट गरिएको छ । निर्दिष्ट कथाको भाषाशैली र त्यसको प्रकृति सम्बन्धमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई प्रश्नावली भराई तथ्य सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएको तथ्यलाई सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस अध्ययनमा कथाको भाषाशैली विश्लेषणार्थ भाषाशैली अध्ययन विश्लेषणको सैद्धान्तिक आधारलाई उपयोग गरिएको छ भने विद्यार्थीका प्रतिक्रियालाई सैद्धान्तिक अवधरणासँग आबद्ध गरी तयार पारिएको प्रश्नावलीअनुरूप शीर्षकीकरण (थिम निर्माण) र तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

परिणाम र छलफल

स्नातक तहको अनिवार्य नेपालीमा जम्मा पाँचओटा कथाहरु समावेश गरिएका छन् । जसअन्तर्गत एक रात कथा, लङ्का काण्ड कथा, आरूको बोट कथा, पछबरिया टोल कथा र गाउँमा गीतहरु गुञ्जदैनन् कथा रहेका छन् । यी कथाहरूमा प्रयुक्त भाषाशैलीको अध्ययनबाट विभिन्न तथ्य प्राप्त गरिएको छ । निम्नानुसारका उपशीर्षकहरूमा विभक्त गरी व्याख्या विश्लेषण गरिएको छ :

'एक रात' कथाको भाषाशैली

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'एक रात' कथामा व्यवहृत भाषाशैलीलाई भाषाशैलीका विभिन्न प्रकार : परम्परागत-आधुनिक, औपचारिक-अनौपचारिक, संबृत वा बन्द-विवृत्त वा खुला शैलीका आधारमा निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

परम्परागत शैलीका दृष्टिले 'एक रात' कथा : कथालाई आदि, मध्य र अन्त्यको शृङ्खलामा प्रस्तुत गरिने शैलीलाई परम्परागत शैली भनिन्छ । एक रात कथामा यस किसिमको प्रयोग गरिएको पाइँदैन कथामा प्रस्तुत घटनाअनुसार एक रात कथाको मुख्य पात्र किशोर झ्यालखानाको एउटा कुनामा सुतेको अवस्थामा फलामे डन्डी भएको कोठरीको ढोकामा बाक्लो साङ्लो बजेको छ । जसले गर्दा किशोर एक्कासी ब्युझिएको छ । किशोरलाई कमिस्नर आएर उसको अन्तिम इच्छा र खान मन

लागेको नलागेको कुरा सोधेको छ । त्यसपछि किशोरले घरपरिवार, आमाबुवा, इष्टमित्रहरूले भनेका कुरा, आफूलाई पढ्न पठाएको, म्याट्रिक्समा प्रथम श्रेणी ल्याउँदा गाउँलेले गरेका कुराकानी आफ्ना भाई बहिनीसँग भएका कुराकानी, बाआमाको करले आफ्नो बिहे भएको लगायतका कुरा सम्झेको छ । त्यसपछि देशमा रहेको तानाशाही, अन्याय, अत्याचार, पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य गर्न किशोरले चेतावनीका लागि बम फ्याकेको र किशोर पक्राउ परेको कुरासमेत सम्झिएको छ । यसपश्चात् अन्तिममा उसलाई फाँसी दिइएको छ । एक रात कथामा प्रस्तुत यस किसिमका विश्रृङ्खलित वा अरैखिक प्रकृतिका घटनाबाट कथामा व्यवहृत भाषाशैली परम्परागत नरहेको स्पष्ट हुन्छ ।

आधुनिक शैलीका दृष्टिले 'एक रात' कथा : कथामा कथाकारले आफ्ना विचार वा अनुभूतिलाई घुमाएर प्रस्तुत गर्ने शैलीलाई आधुनिक शैली भनिन्छ । यो शैली घुमाउरो प्रकृतिको हुन्छ । एक रात कथामा प्रस्तुत घटनाअनुसार रातिको समयमा एकाएक किशोर झ्यालखानामा रहेको हुन्छ । तर किशोर कसरी झ्यालखानामा गयो, किन उसलाई फाँसीको सजाए हुँदैछ ? त्यसको कारण स्पष्ट रूपमा खुलेको छैन । कमिस्नर आएर उसको अन्तिम इच्छा र खान मन लागेको, नलागेको कुरा सोधेका छन् । त्यसपछि किशोरले घरपरिवार आमाबुवा, इष्टमित्रहरूले भनेका कुरा आफूलाई पढ्न पठाएको, म्याट्रिक्समा प्रथम श्रेणी ल्याउँदा गाउँलेले गरेका कुराकानी आफ्ना भाइबहिनीसँग भएका कुराकानी, बाआमाका कुराले आफ्नो बिहे भएका कुराहरु स्मरण गरेको छ । देशमा रहेको तानाशाही, अन्याय, अत्याचार, पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य गर्न चेतावनीका लागि बम फ्याकेको जनाएको छ । यसपश्चात् ऊ पक्राउ परेको बताएको छ । यस कथामा प्रस्तुत कथावस्तु भुमरीझैँ घुमेको छ र विषयवस्तुमा क्रमबद्धता पनि देखिएको छैन । जसले गर्दा प्रस्तुत कथामा आधुनिक शैलीको प्रयोग भएको स्पष्ट हुन्छ ।

औपचारिक शैलीका दृष्टिले 'एक रात' कथा : कथामा मानक वा स्तरीय भाषाको प्रयोग गरी लेखिने शैलीलाई औपचारिक शैली भनिन्छ । यस्तो शैलीको प्रयोग गरी लेखिएका कथामा व्याकरणको उचित प्रयोग भएको हुन्छ । एक रात कथामा मूलतः यस किसिमको भाषाशैली प्रयोग गरिएको पाइन्छ । एक रात कथामा प्रयोग गरिएका किशोरलाई के खान मन छ ? घरका मानिसहरूलाई केही भन्नु छ ? लगायतका वाक्य संरचनाले यस किसिमको शैलीलाई पुष्टि गर्छन् । एक रात कथामा प्रयोग गरिएका वाक्यका अतिरिक्त अधिकांश शब्दहरु पनि स्तरीय देखिन्छन् । यस कथामा प्रयोग गरिएका प्राइभेट, अर्डर, कमिस्नर, अफिसर, कलेज, म्याट्रिक, टाइम, मिनिस्टर, प्रजातन्त्र, तानाशाह, होसियार, मार्क्सवाद, स्वतन्त्रता, डाक्टर, जिपजस्ता आगन्तुक तथा स्तरीय शब्दहरु शिक्षित व्यक्तिले प्रयोग गर्ने शब्दहरु हुन् । यस्ता शब्दको प्रयोग व्यवहार लेख्य भाषाका रूपमा गरिने भएकाले पनि औपचारिक शैलीसँग मेल खाएको देखिन्छ ।

अनौपचारिक शैलीका दृष्टिले 'एक रात' कथा : गाउँघरमा प्रयोग गरिने सरल, स्थानीय र स्थायित्व कायम नभएको भाषाशैलीलाई अनौपचारिक शैली भनिन्छ । यस किसिमको भाषाशैलीमा कथा लेखिँदा

कथाले छुट्टै पहिचान बनाएको हुन्छ । प्रस्तुत शैलीमा आधारित कथामा क्षेत्रीय भेद उपभेद तथा थेगोको प्रयोग गरिएको हुन्छ । यस्तो शैलीयुक्त कथामा व्याकरणको उचित प्रयोग गरिएको हुँदैन । साथै वाक्यमा पूर्णता देखिएको हुँदैन । एक रात कथामा यस किसिमका विशेषतायुकत शैलीको प्रयोग गरिएको देखिँदैन ।

संवृत्त वा बन्द शैलीका दृष्टिले 'एक रात' कथा : कथाकारहरूले कथामा आफ्नो शैलीलाई भन्दा विषयवस्तुलाई प्रधानता दिई कथा प्रस्तुत गर्ने शैलीलाई संवृत्त वा बन्द शैली भनिन्छ । एक रात कथामा यस किसिमको शैली प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा देशमा रहेको पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य गर्ने क्रममा फ्याकिएको बमले किशोरलाई झ्यालखानामा लगिएको घटना प्रस्तुत गरिएको छ । यस कथामा प्रजातन्त्र, स्वतन्त्रता, मार्क्सवाद, समानता र व्यक्ति उन्नतिका विषय सन्दर्भहरु प्रस्तुत गरिएको छ । एक रात कथा नेपालको हुकुमी शासन, दिगो प्रजातन्त्रलगायतका विषयवस्तुमा केन्द्रित रहेको छ । यस कथामा विषयवस्तु प्रस्तुतिको शैलीलाई गौण महत्ता दिइएको छ भने विषयवस्तुको प्रकटीकरणलाई अधिक महत्ता दिइएको छ । यसर्थ एक रात कथामा बन्द शैली व्यवहृत भएको पाइन्छ ।

विवृत्त वा खुला शैलीका दृष्टिले 'एक रात' कथा : कथात्मक विषयवस्तुलाई व्याकरणिक संरचनाभन्दा भिन्न रूपमा प्रस्तुत गर्ने शैलीलाई विवृत्त वा खुला शैली भनिन्छ । यस किसिमको शैलीयुक्त कथामा प्रयुक्त वाक्यमा कर्ता, कर्म र क्रियाको आनुक्रमिक प्रस्तुति नभई भग्नक्रमिक प्रस्तुति हुन्छ । यसमा कथात्मक भावहरूलाई अर्थमय बनाएर प्रस्तुत गरिएको हुन्छ । एक रात कथामा केही मात्रामा यस किसिमको शैली प्रयोग गरिएको पाइन्छ । जस्तैः अन्तिम घडी आएछ– चटक्क चुँडिने जीवनको काम हाँगोबाट । मानौँ घरको दृश्य त्यो हेरिरहेको छ, तस्विरहरूमा । सानो गृहस्थीमा आइपर्ने सुख दुःखका कुराभन्दा माथि कहाँ उठ्थ्यो र उनीहरूको विचार, इज्जत थुपार्छ यसले हामी सबैको, आदि । यी उदाहरणहरूलाई दृष्टिगत गर्दा एक रात कथामा प्रयुक्त कतिपय वाक्यहरूमा कर्ता, कर्म र क्रियाका बिच उपयुक्त अनुक्रम रहेको देखिँदैन । प्रस्तुत कथामा विषयवस्तुलाई कुनै चिह्नका माध्यमद्वारा पनि प्रस्तुत गरिएको छ । जस्तैः छोरोलाई घरमा थन्क्याएर राख्ने हो ! तर ऊ यति सानी थिई कि के कुरा गर्ने उसँग ? छोराको राम्रो हेरविचार गर्नु ? जस्ता वाक्यहरूमा पूर्णविरामका सट्टा विस्मयादिवोधक तथा प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ । यस किसिमको खुला शैलीले प्रस्तुत कथालाई कलात्मक बनाएको देखिन्छ ।

'लङ्का काण्ड' कथाको भाषाशैली

कथाकार राजेन्द्र विमलद्वारा लिखित 'लङ्का काण्ड' कथामा प्रयुक्त भाषाशैलीलाई परम्परागत, आधुनिक, औपचारिक, अनौपचारिक, संवृत्त र खुला शैलीका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

परम्परागत शैलीका दृष्टिले 'लङ्का काण्ड' कथा : लङ्का काण्ड कथा मधेसी र पहाडी बिच भएको द्वन्द्वमा आधारित कथा हो । यस कथामा कथावस्तुलाई आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा क्रममा प्रस्तुत नगरी अरैखिक ढाँचामा प्रस्तुत गरिएको छ । अर्थात् यस कथाको कथानकलाई सिधा रूपमा प्रस्तुत नगरी वक्र रूपमा वा घुमाएर प्रस्तुत गरिएको छ । यस कथाको प्रारम्भमा मुख्य पात्र अस्पतालको आपतकालीन कक्षमा रहेको छ । उसलाई चार दिनपछि होस आएको छ । त्यसपछि उसले आफू त्यो अवस्थामा किन र कसरी पुगेको कुरा सम्झिँदा म पात्रकी आमा मधेसी र बुवा पहाडी भएको, आफ्नो ठुलोबा ठुलीआमाको सन्तानहीन जीवनमा सन्तान बनेर तराई गएको, ठुलोबा र ठुलीआमाले एक्कासी आफ्नो छोरो पाएको, गरिब र मालिकका बच्चाबिच प्रतिस्पर्धा भएको, त्यसपछि म पात्रलाई गर्ने व्यवहारमा परिवर्तन आएको, उसले दुःख पाएको, पहाडी र मधेसीबिच द्वन्द्व हुँदा उसले कुनै पनि पक्षलाई सहयोग नगरी सबैलाई नेपाली र मानवताको दृष्टिले व्यवहार गरेको, त्यसपश्चात उसले दुबै पक्षबाट गोली खाएको र ऊ अस्पताल पुगेको लगायतका घटना प्रस्तुत गरिएको छ । यसबाट प्रस्तुत कथा वर्तमानबाट भविष्यतिर नगई भविष्यबाट वर्तमानतर्फ फर्केको छ । आदि, मध्य र अन्यको अनुक्रममा कथावस्तु प्रस्तुत नगरिनुले लङ्का काण्ड कथामा परम्परागत भाषाशैलीको प्रयोग व्यवहार भएको देखिँदैन ।

आधुनिक शैलीका दृष्टिले 'लङ्का काण्ड' कथा : लङ्का काण्ड कथामा आधुनिक शैलीको प्रयोग गरिएको पाइन्छ । यस कथामा प्रस्तुत कथावस्तुलाई अरैखिक तथा विश्रृङ्खलित रूपमा प्रस्तुत गरिएकाले यसमा प्रयोग गरिएको भाषाशैली आधुनिक रहेको स्पष्ट हुन्छ । प्रस्तुत कथाको कथावस्तुअनुसार म पात्र एक्कासी अस्पतालमा पुगेको छ । चार दिनपछि उसको होस आएको छ । उसले आफू त्यहाँ किन र कसरी पुगेँ भन्ने थाहा पाएको छैन । पछि उसले आफ्नी आमा मधेसी र बुवा पहाडी रहेको, आफ्नो ठुलोबा ठुलीआमाको सन्तानहीन जीवनमा सन्तान बनेर तराई पुगेको, ठुलोबा ठुलीआमाले एक्कासी छोरो पाएको, त्यसपछि म पात्रलाई गर्ने व्यवहारमा परिवर्तन आएको र उसले दुःख पाएको, अन्तिममा पहाडी र मधेसी द्वन्द्व हुँदा उसले कुनै पनि पक्षलाई सहयोग नगरी सबैलाई नेपाली र मानवताका दृष्टिले व्यवहार गरेको, त्यसवापत उसले गोली खानु परेकोलगायतका सन्दर्भ स्मरण गरेको छ । यसरी प्रस्तुत कथामा कथाकारले आफ्ना विचार वा अनुभूतिलाई घुमाएर प्रस्तुत गरेको देखिन्छ । कथाकारले कथालाई विशिष्ट तुल्याउन क्रमविहीन रूपमा कथानक प्रस्तुत गरेको देखिएकाले प्रस्तुत कथामा आधुनिक शैली व्यवहृत भएको देख्न सकिन्छ ।

औपचारिक शैलीका दृष्टिले 'लङ्का काण्ड' कथा : लङ्का काण्ड कथामा केही मात्रामा स्तरीय भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त रिसाउने बानीले उहाँ हाम्रा लागि साक्षात् यमदूत हुनुहुन्थ्यो, उसकी आमाले सोध्नुभयो "को हो यो पहाडिया ?" उहाँसित प्रश्न गरेँ, "आमा ! मलाई सबैले पहाडिया किन भन्छन् ? जस्ता वाक्यहरूलाई दृष्टिगत गर्दा स्तरीय एवम् मानक नेपाली भाषाको प्रयोग गरिएको पाउन सकिन्छ । यस कथामा नर्स, एप्रोन, माड्साप, मिनेट, स्कूल, ग्यास आदि जस्ता आगन्तुक शब्दहरूको समेत प्रयोग गरिएको छ । जुन औपचारिक भाषा

प्रयोगसँग अधिक मात्रामा सम्बन्धित रहेका छन् । यस कथामा प्रयोग गरिएका अधिकांश वाक्यहरूमा व्याकरणिक त्रुटि पनि नदेखिएकाले प्रस्तुत कथामा औपचारिक शैलीको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

अनौपचारिक शैलीका दृष्टिले 'लङ्का काण्ड' कथा : लङ्का काण्ड कथामा गाँउघरमा बोलिने भाषालाई आधार बनाएको छ । यसमा भाषाको अनौपचारिक भेद प्रयोग गरिएको देखिन्छ । यस कथामा पाहाडे, घलैची, पँधेर्नी, चटिया, चटियार, चाटी, हबेली, घुच्ची, सिलौटीया, फिरिकोन, ठेकुवा, पुडी आदिजस्ता मैथिली भाषामा प्रचलित शब्दहरु समेत प्रयोग गरिएको पाइन्छ । यस्ता शब्दहरु पाठकले झट्ट पढ्दा नबुझ्ने अथवा दोहोऱ्याएर पढ्नुपर्ने हुन्छ । प्रस्तुत कथामा प्रयुक्त यस किसिमको भाषाशैलीले पाठकलाई प्रभाव पारेको देखिन्छ । साथै नवीन अनुभूति प्रदान गरेको पाइन्छ । यस किसिमको शैलीले कथात्मक सौन्दर्य अभिवृद्धि गर्न भूमिका खेलेको देखिन्छ । यस कथामा व्यक्तिबोली र स्थानीय गीतहरु : 'ठिक ठिक दुपरिया नाचे चौधरिया, गुरूजीके आसन डोले, भुख मरे चटिया !' "मैया मैया आँख मूदी है, आकर तू खुलबा दो..... गुरूजी माङे दान रूपैयाँ, झटपट झटपट ला वो" को पनि प्रयोग गरिएको छ । यसबाट लङ्का काण्ड कथामा अनौपचारिक भाषाशैलीको समेत प्रयोग गरिएको स्पष्ट हुन्छ ।

संवृत वा बन्द शैलीका दृष्टिले 'लङ्का काण्ड' कथा : लङ्का काण्ड कथामा केही मात्रामा संवृत्त वा बन्द शैलीको प्रयोग गरिएको पाइन्छ । यस कथामा प्रयुक्त कतिपय वाक्यहरु कर्ता, कर्म र क्रियाको आनुक्रमिक प्रस्तुतिमा रहेका छन् । जस्तै : उसकी आमाले सोध्नुभयो "को हो यो पहाडिया?" उहाँसित प्रश्न गरैं, "आमा ! मलाई सबैले पहाडिया किन भन्छन् ? कहाँ घरैपिच्छे पानीकल थिए र !, 'मेरो सिलेट फुटाइदियो एँ...." आदि । यस आधारमा प्रस्तुत कथामा केही मात्रामा संवृत्त शैलीको प्रयोग भएको स्पष्ट हुन्छ ।

विवृत वा खुल्ला शैलीका दृष्टिले 'लङ्का काण्ड' कथा : लङ्का काण्ड कथामा विवृत्त वा खुला शैलीको प्रयोग गरिएको पाइन्छ । यस कथामा कर्ता, कर्म र क्रियाको क्रमिक उपस्थितिविना पनि वाक्यहरूको प्रयोग गरिएको देखिन्छ । जस्तै : म पाहाडे हुँ कि मधिशे, सयौँ हतौडाहरु भानुको प्रतिमामाथि बज्रिरहेका थिए कि मेरै हृदयमाथि !, पानी चट्टानको काप कापबाट भुलभुल निस्किन्छ, निरन्तर । नर्स मलाई नसिहत दिन्छिन्, हुकुमी स्वरमा । हजुरआमालाई सम्झन थाल्छु– लछमनियाँलाई । गोरू गाडाको सिरपारका दुई छेउका प्वालमा हलिएका दुई बित्ते डन्डा जस्ता । आदिजस्ता वाक्यहरूले प्रस्तुत कथामा विवृत शैलीको प्रयोग भएको कुरा पुष्टि हुन्छ । त्यसैगरी यस कथामा पूर्णविराम चिह्न प्रयोग गर्नुपर्ने ठाउँमा योजक चिह्न, प्रश्नवाचक चिह्न प्रयोग गर्नुपर्ने ठाउँमा विस्मयादिबोधक चिह्न, पूर्णविराम चिह्न प्रयोग गर्नुपर्ने स्थानमा विस्मयादिबोधक चिह्नको प्रयोग गरिएको देखिन्छ । जस्तै : कालो वर्णको अनुहार जबाफ दिन्छ, "अपराध ?" तिघ्रा उचालेर हेर्छु – धोती बेपत्ता छ । हजुरआमालाई सम्झन थाल्छु – लछमिनियाँलाई । गुरूजी । मेरो फ्रकमा सिँगान पुछ्यो !" म सालिक भत्काउन दिन्न ! सालिक...." 'मेरो सिलेट फुटाइदियो एँ...." आदि । यसलाई दृष्टिगत गर्दा लङ्का काण्ड कथामा विवृत्त वा खुला शैलीको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

'आरूको बोट' कथाको भाषाशैली

कथाकार पद्मावती सिंहद्वारा लिखित 'आरूको बोट' कथामा व्यवहृत भाषाशैलीलाई भाषाशैलीका विभिन्न प्रकार : परम्परागत, आधुनिक, औपचारिक, अनौपचारिक, संवृत्त र खुला भाषाशैलीका आधार मा निम्नानुसार अध्ययन, विश्लेषण गरिएको छ :

परम्परागत शैलीका दृष्टिले 'आरूको बोट' कथा : आरूको बोट कथामा परम्परागत भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा प्रस्तुत विषयवस्तु वा कथानक वर्तमानबाट भविष्यतर्फका दिशामा अभिमुख भएको देखिन्छ । अर्को शब्दमा आरूको बोट कथाको कथानक रैखिक ढाँचामा अघि बढेको छ । यसमा आदि, मध्य र अन्त्यको उपयुक्त क्रम विन्यास गरिएको छ । प्रस्तुत कथाको आदि भागमा ठुली हुँदै गएकी रश्मिको रजश्वला हुने बेला भएको कुरा रश्मिकी हजुरआमाले रश्मिकी आमालाई बताएको प्रसङ्ग प्रस्तुत गरिएको छ । कथाको मध्य भागमा रश्मि रजश्वला भएर १२ दिनसम्म अँध्यारो कोठामा बसेको, उसले आरूको बोटलाई आफूसँग तुलना गरेको र आरूको बोटलाई एउटा युवक सोचेर अँगालो मारेको प्रसङ्ग प्रस्तुत गरिएको छ । प्रस्तुत कथाको अन्त्य भागमा रश्मिले १२ दिन अँध्यारो कोठामा विताएकी हुनाले पछि पनि सँधै साँझपख आरूको रूखमुनि बस्ने गरेको, सधैँझैँ त्यही समयमा ऊ बसेको ठाउँमा आरूको एक दना खसेको र उसले त्यो दाना लुकाएको प्रसङ्ग प्रस्तुत गरिएको छ । यस किसिमले श्रृङ्खलित रूपमा आरूको बोट कथामा कथानकलाई प्रस्तुत गरिएको हुनाले यस कथामा परम्परागत शैली व्यवहृत भएको स्पष्ट हुन्छ ।

आधुनिक शैलीका दृष्टिले 'आरूको बोट' कथा : आरूको बोट कथाको कथावस्तु घुमाउरो वा अरैखिक स्वरूपमा प्रस्तुत नभई आदि, मध्य र अन्त्यको श्रृङ्खलामा प्रस्तुत भएको छ । यसमा कथावस्तुलाई सरल ढङ्गबाट प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा कथावस्तुले वर्तमानबाट भविष्यको यात्रा तय गरेको छ । अतः आरूको बोट कथामा आधुनिक शैलीको प्रयोग गरिएको छैन ।

औपचारिक शैलीका दृष्टिले 'आरूको बोट' कथा : आरूको बोट कथामा मानक नेपाली भाषाको प्रयोग गरिएको छ । यस कथामा प्रयुक्त सबै पात्रले स्तरीय भाषाको प्रयोग गरेका छन् । जस्तै : रश्मिमाथि गहिरो दृष्टि फ्याँकेर बज्यैको कुरामा सहमति जनाएझैँ आमा खिसिक्क हाँसेको पनि उनी देख्छिन । कोठाभरि साँझपखको रमाइलोपन छरिएको थियो, आदि । प्रस्तुत कथामा व्यक्तिबोली, स्थानीय भेद तथा भाषिकाको प्रयोग पनि खासै गरेको देखिँदैन । यसबाट आरूको बोट कथामा औपचारिक भाषाशैलीको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

अनौपचारिक शैलीका दृष्टिले 'आरूको बोट' कथा : आरूको बोट कथामा स्तरीय एवम् मानक नेपाली भाषाको प्रयोग गरिएको हुनाले र यसमा स्थानीय वा ग्रामीण परिवेशमा बोलिने भाषिक शब्दहरूको प्रयोग नगरिएकाले अनौपचारिक शैलीको प्रयोग गरिएको देखिँदैन । प्रस्तुत कथामा प्रयोग गरिएको भाषिक स्वरूपमा मूलतः व्याकरणिक मूल्य मान्यताको अवलम्बन गरिएको छ । अर्थात् यस कथामा प्रस्तुत गरिएका वाक्यहरूमा व्याकरणिक त्रुटि खासै देखिँदैन । साथै पात्रहरूले प्रयोग

गरेको भाषामा पनि एकरूपता देख्न सकिन्छ । यस दृष्टिले यस कथाको भाषाशैली अनौपचारिक भाषाशैलीका रूपमा प्रतीत हुँदैन ।

संवृत वा बन्द शैलीका दृष्टिले 'आरूको बोट' कथा : आरूको बोट कथामा केही मात्रामा संवृत्त वा बन्द शैलीको प्रयोग गरिएको छ । यस कथामा रश्मीको शरीरमा आएको परिवर्तनलाई आरूको बोट र फूलसँग तुलना गरिएको छ । रश्मीको जवानीका फुलहरु आरूको फुलजस्तै फुलेर फलेको विषयवस्तु देखाउने प्रयास गरिएको छ । प्रस्तुत कथामा रश्मी यौवन अवस्थामा प्रवेश गर्दा उसका आँखासामु एउटा बोटले सिङ्गो पुरूषको रूप लिएको छ । यसबाट कथामा अमूर्त चिजलाई मूर्त बनाएर प्रस्तुत गरिएको बोध गर्न सकिन्छ । प्रस्तुत कथामा भाषा प्रयोगका क्रममा कर्ता, कर्म र क्रियाको क्रमविहीनता अवलम्बन गरिएको र चिह्न प्रयोगमा पनि बढी विविधता अवलम्बन गरिएकोले संवृत्त शैलीको कमै प्रयोग पाउन सकिन्छ ।

विवृत वा खुला शैलीका दृष्टिले 'आरूको बोट' कथा : आरूको बोट कथामा विवृत्त वा खुला शैलीको अधिक प्रयोग व्यवहार गरिएको देख्न सकिन्छ । यस कथामा एकातर्फ कर्ता, कर्म र क्रियाको व्यतिक्रममा वाक्यहरूको प्रयोग गरिएको देखिन्छ भने अर्कोतिर चिह्न प्रयोगमा विविधताको अवलम्बन गरिएको देख्न सकिन्छ । जस्तै : "अँ त साँच्चि....?" शरीरभरि उन्माद छाएझैँ हुन्छ रश्मीलाई । उनीभित्रका जिज्ञासाहरु बोझ बनेर उनको मनमस्तिष्कमा छाइरहन्छन्- नरम भुवा बनेर, उनको सर्वाङ्गलाई विस्तारै सुमसुम्याएर । विस्मय उनीभित्र अग्लिँदै जान्छ नापिनै नसकिने गरी बडेमानको आकार भएर । तिमी कति राम्री छ्यौ - भर्खरै कोपिलाबाट फक्रेको फूल जस्ती, "सपना त हैन, बरु अर्कै एउटा..." तरुनी भनूँ भने लुगा लगाउने समेत ढङ्ग छैन, संयोग पनि कहिलेकाहीँ कस्तो अद्‌भुत भइदिँदो रहेछ ! रश्मिलाई अप्ठ्यारो पनि होइन, नरमाइलो भन्नु भने, त्यस्तो झन हुँदै होइन । प्रस्तुत कथामा यस किसिमको भाषा प्रयोग पाइने हुनाले यसको प्रस्तुतिमा कलात्मकता देख्न सकिन्छ । यस कथामा विस्मयादिबोधकको सट्टा प्रश्नवाचक चिह्न, पूर्णविरामको सट्टामा अल्पविराम चिन्ह, पूर्णविराम चिह्नका सट्टा विस्मयादिबोधक तथा अल्पविराम चिह्नको प्रयोग गरी वाक्यहरु प्रस्तुत गरिएको छ । साथै आरूको बोटले एउटा सिङ्गो पुरूषको रूप लिएको प्रसङ्ग चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ । यस किसिमको शैली विवृत्त शैलीसँग सम्बन्धित भएको हुनाल आरूको बोट कथामा विवृत्त शैलीको व्यवहार अधिकाधित भएको स्पष्ट हुन्छ ।

'पछवरिया टोल' कथाको भाषाशैली

कथाकार ऋषिराज बरालद्वारा लिखित 'पछवरिया टोल' कथामा विकृतिमूलक चुनावको सजीव चित्र प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा व्यवहृत भाषाशैलीलाई परम्परित, आधुनिक, औपचारिक, अनौपचारिक, संवृत्त र विवृत्त शैलीका आधारमा निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ :

परम्परागत शैलीका दृष्टिले 'पछवरिया टोल' कथा : पछवरिया टोल कथामा राजनीतिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । पछवरिया टोल एक अशिक्षित र गरिबीले व्याप्त टोल भएकाले

त्यस टोलको विकास र निर्माणका विषयले निम्न वर्गका मानिसलाई प्रलोभन र आश्वासनमा पारेको साथै त्यस क्षेत्रमा आरोप, प्रत्यारोप र षड्यन्त्रले बढी भूमिका खेलेको कुरा देखाइएको छ । यस कथामा प्रस्तुत राजनीतिक विषयवस्तुलाई उठान, विस्तार र बैठानको शैलीमा प्रस्तुत गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा पछबरिया टोल कथामा विषयवस्तुलाई आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा प्रस्तुत गरिएको छ । यस कथामा कथावस्तुले वर्तमानदेखि भविष्यसम्मको यात्रा तय गरेको छ । यस कथाको विषयवस्तुअनुसार पछवरिया टोलमा एक जना नेतालाई बोलाएर विकासे भाषण गर्न लगाइएपछि टोलमा चुनावको प्रचारप्रसार भएको छ । प्रचारप्रसार क्रममा गाउँमा खाना फ्री, नाच फ्री जस्ता प्रलोभन देखाइएको छ । जसलाई यसको आदि भाग मान्न सकिन्छ । यस कथाको मध्य भागमा गाउँमा आगो लागेको, आगो लगाउने व्यक्ति फेला नपरेको र मन्त्रीज्यूबाट राहत वितरण गरिने प्रसङ्ग प्रस्तुत गरिएको छ भने कथाको अन्त्य भागमा राहत वितरण नगरिएको उल्टै ठूलाबडा भनौदाहरू फ्रीको खाना खान र रमाउन हिँडेका तथा दुःखी, गरिब, पीडितहरू हेरेर बसेको अवस्थालाई चित्रण गरिएको छ । पछबरिया टोल कथामा यस किसिमले कथामा प्रस्तुत घटनाहरू प्रस्तुत गरिएकाले प्रस्तुत कथाको भाषाशैली परम्परागत रहेको स्पष्ट हुन्छ ।

आधुनिक शैलीका दृष्टिले 'पछवरिया टोल' कथा : पछबरिया टोल कथामा प्रस्तुत राजनीतिक विषयवस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा विन्यस्त भएको हुनाले र कथामा कथाकारको विचार वा अनुभूतिलाई नघुमाईकन क्रमिक रूपमा उल्लेख गरिएको हुनाले यस कथामा आधुनिक भाषाशैलीको प्रयोग गरिएको देखिँदैन ।

औपचारिक शैलीका दृष्टिले 'पछवरिया टोल कथा' : पछबरिया टोल कथामा क्षेत्रीय भेदको प्रयोग गरिएको पाइन्छ । यस कथामा पात्रहरूले प्रयोग गरेको भाषाशैलीमा विविधता देखिएको छ । कथामा 'उसो भए भन, आगो कसले लगायो ?" "जे बुझ", "अझ कराउँछन्", "भन रामधन, तँलाई कसले अरायो यसो गर्न ?", पल्लो टोलको रामरतनको ज्वाइँ, देशमा छ जस्ता वाक्यको प्रयोग गरिएको छ । जसबाट प्रस्तुत कथामा व्यक्त अभिव्यक्तिमा सम्मानजनक सम्बोधन भएको देखिँदैन । म इन्डियाको मान्छी, विरावरीमा .... ।" हामी आगोझैँ भएर ....', के यहाँ मेला लागेको छ र तिमीहरू यसरी घेरिएका ..... ?" जस्ता उदाहरणलाई दृष्टिगत गर्दा पछबरिया टो कथामा प्रयुक्त वाक्यहरूको पनि पूर्ण प्रयोग नभएको देखिन्छ । यसबाट प्रस्तुत कथामा औपचारिक शैलीको प्रयोग गरिएको छैन भन्ने स्पष्ट हुन्छ ।

अनौपचारिक शैलीका दृष्टिले 'पछवरिया टोल' कथा : पछबरिया टोल कथामा स्थानीय भाषिक स्वरूपको प्रयोग व्यवहार भएको देख्न सकिन्छ । यस कथामा प्रयुक्त कतिपय शब्द र वाक्यमा यस किसिमको स्थिति देख्न पाइन्छ । जस्तै : "अयँ गे ने एतय राम लछुमनक मूती घर, न हनुमानक, ने एतय राम लीला होइछइ, त अइ टोलक नाम राम लछुमन टोल कोना भेलइ ।' आदि । यस किसिमको प्रयोगले स्थानीय भाषिक (वाक्यात्मक) व्यवहारलाई दर्साउँछ । त्यसैगरी यस कथामा लबका (नयाँ), पहाडिया, मधेसिया, गड्डा, गरमगरम, पर्चा, भेलई, गे, माई, केकरो, नहि, देव,

निन्द्रा हराम, बिरायरी, भगेटा, आदमी, हराम, गइल आदिजस्ता शब्दहरूको पनि प्रयोग गरिएको छ । यस्ता शब्दहरूले पनि स्थानीय भाषा प्रयोगलाई नै दर्साउँछन् । प्रस्तुत कथामा यस किसिमको भाषा प्रयोग पात्रअनुसार र प्रसङ्गअनुसार गरिएको देखिन्छ । यसका अतिरिक्त यस कथामा 'न बातको न जातको मोहर लगार्बे हाथको' जस्ता गाउँघरमा प्रयोग गरिने उखानटुक्काहरु पनि प्रयोग गरिएको देखिन्छ । भने "तुँ सब कथी मसाल कहै छौ रे सार सब ।" हबलदारले लठ्ठी बजायो, "भन रामधन, तँलाई कसले अरायो यसो गर्न ? जस्ता निम्न स्तरीय भाषाको समेत प्रयोग गरिएको देख्न सकिन्छ । यसबाट पछबरिया टोल कथामा अनौपचारिक शैलीको प्रयोग गरिएको पुष्टि हुन्छ ।

संवृत वा बन्द शैलीका दृष्टिले 'पछवरिया टोल' कथा : पछबरिया टोल कथामा राजनीतिको चहलपहललाई विषयवस्तु बनाएर कथानक प्रस्तुत गरिएको छ । यसमा वर्तमान अवस्थाको राजनीतिले सोझासाझा जनतामाथि शोषण गरेको दर्साइएको छ । प्रस्तुत कथामा प्रत्येक पार्टीका व्यक्तिहरु आफू सत्तामा पुग्नका लागि आपसमा फुट र वैमनस्यता सिर्जना गर्दै विपन्न वर्गहरूमाथि कसरी शासन गर्दछन् भन्ने कुरा अभिव्यक्त गरिएको छ । प्रस्तुत कथामा व्यवहृत वाक्यढाँचा मूलतः कर्ता, कर्म र क्रियाको क्रममा रहेको देख्न सकिन्छ । यसर्थ पछबरिया टोल कथामा केही मात्रामा संवृत्त वा बन्द शैलीको प्रयोग गरिएको मान्न सकिन्छ ।

विवृत्त वा खुल्ला शैलीका दृष्टिले 'पछवरिया टोल' कथा : पछबरिया टोल कथाको अधिकांश भाषिक प्रयोग विवृत्त वा खुला प्रकृतिको देखिन्छ । यस कथामा प्रयोग गरिएका वाक्यहरूलाई दृष्टिगत गर्दा कर्ता, कर्म र क्रियाको क्रमविहीनतामा व्यवहृत भएका देखिन्छन् । जस्तै : त्यो मान्छेको हातमा एउटा झोला थियो र छाता पनि । रङ लगाएको सेतो कमिज थियो उसको । आखिर गरिबहरूको भोट उसकै छापमा । को जाओस् अब सुन्दरी मठको मेला । अनवर अख्तरले करिहारबाट नाचपारी मगाउने घोषणा सुनाउने छ गाउँमा । पछबरिया टोल कथामा प्रयोग गरिएका यस किसिमका वाक्यहरूमा कर्ता, कर्म र क्रियाको उपयुक्त क्रम देखिँदैन । जसले गर्दा यस कथामा बन्द वा खुला शैलीको प्रयोग भएको पुष्टि हुन्छ । यसका अतिरिक्त यस कथामा उपयुक्त तरिकाले चिह्नहरूको प्रयोग गरिएको पनि देखिँदैन । जस्तै : "कि यसो गर्नुहुन्छ हवलदारसाब !, "हो, हो, रानरतनको बिरादरी हो । यी वाक्यहरूमा पूर्णविरामका सट्टा विस्मयादिवोधक र अल्पविराम चिह्नको प्रयोग गरिएको देखिन्छ । जसले बन्द शैलीको प्रयोगलाई नै दर्साउँछन् ।

'गाउँमा गीतहरू गुञ्जिदैनन्' कथाको भाषाशैली

कथाकार महेशविक्रम शाहद्वारा लिखित 'गाउँमा गीतहरु गुञ्जिदैनन्' कथा माओवादी जनयुद्धमा आधारित रहेको छ । शान्तिको पक्षमा आवाज बुलन्द गरेको प्रस्तुत कथामा व्यवहृत भाषाशैलीलाई परम्परागत, आधुनिक, औपचारिक, अनौपचारिक, संवृत्त र विवृत्त भाषाशैलकि आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

परम्परागत शैलीका दृष्टिले 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा : गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा परम्परागत शैलीको प्रयोग गरिएको पाइन्छ । यस कथामा प्रयुक्त सानोबाबु नामक पात्र पाँच-छ वर्षपछि आफू जन्मेको गाउँमा फर्केको प्रसङ्गबाट कथानक प्रारम्भ गरिएको छ । कथाको मध्य भागमा सानोबाबु आफ्ना प्रत्येक साथीको घर गएको तर उसले त्यहाँ जाँदा प्रत्येक साथीसँग खेलेका, खाएका कुराहरु सम्झेको छ र अहिले ती साथीहरु मुग्लान पसेका र गाउँपनि पहिलेको जस्तो नरहेको सन्दर्भ प्रस्तुत गरिएको छ । कथाको अन्त्य भागमा सानो बाबुले आफ्ना आमाबुवा, हजुरबुवा, हजुरआमालाई भेटेको, उक्त समयमा गाउँमा गोली पड्केको, त्यसको आवाज सुनेर सानोबाबुकी आमाले सानो बाबुलाई गाउँबाट भग्न भनेको, ऊ फेरि गाउँमा गीत गुञ्जिनेछन् भन्ने आशाका साथ त्यहाँबाट निस्केको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यस किसिमका घटना प्रसङ्गबाट गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा कथावस्तु प्रस्तुत गरिएको बोध गर्न सकिन्छ । शृङ्खलाबद्ध रूपमा वा रैखिक ढाँचामा कथानक प्रस्तुत गरिएको हुनाले यस कथामा प्रयुक्त भाषाशैली परम्परागत रहेको स्पष्ट हुन्छ ।

आधुनिक शैलीका दृष्टिले 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा : गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा प्रस्तुत कथावस्तु शृङ्खलाबद्ध रूपमा अगाडि बढेको छ । यस कथामा प्रस्तुत कथावस्तु पनि सरल एवम् सघन रहेको छ । यसमा सानोबाबुले गाउँ छाडेदेखि गाउँ फर्केसम्म र पुन गाउँ छोडेसम्मका घटनाहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ । घुमाउरो भाषाशैलीको प्रयोगविना रैखिक तरिकाले कथानक प्रस्तुत गरिएको हुनाले यस कथामा आधुनिक शैलीको प्रयोग भएको देखिदैन ।

औपचारिक शैलीका दृष्टिले 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा : गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा स्थानीय एवम् क्षेत्रीय भाषिक भेद, उपभेदहरूको प्रयोग गरिएको देखिन्छ । यस कथामा आमा, हजुरबुवा, हजुरआमालाई गर्ने सम्बोधनमा पनि उपयुक्त सम्मानजनक भाषा प्रयोग गरिएको छैन । साथै कतिपय वाक्यात्मक संरचनामा पनि व्याकरणिक त्रुटि देखिएकाले प्रस्तुत कथामा औपचारिक शैलीको प्रयोग गरिएको छैन भन्ने स्पष्ट हुन्छ ।

अनौपचारिक शैलीका दृष्टिले 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा : यस कथामा स्थानीय थारू भाषाको प्रयोग गरिएको छ । यसमा "कैसन हो संगरिया ? सब ठिक तो बा ।" "चुन्नु नहीं हो । वो परदेश गइल वा, किली बार कहुँ मै ये बात !" "सुरजराम, ए सुरजराम ? देख तो कौन आइल बा ?" "सुरजराम नहीँ हो का ? मै सानो बाबु, काठमाण्डु से आइले रहुँ ।" "फुलवा, मै सानो बाबु !" "हाँ मैं चिन सक्नु । इतने बरस वाद कहाँ से आइलो ?" "सरसे से आइनु, अपन गाउँ देखक लाग ।" "पहले जैसन नहीँ रहल हमार गाउँ सानो बाबु ! आजकल गाउँ मे कोई मर्द नरहैल । तुम काहेक लाग आइलो ? जस्ता वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । यस कथामा निम्न स्तरीय भाषाको समेत प्रयोग गरिएको छ । व्यक्तिगत अभिव्यक्ति वा व्यक्तिबोलीलाई पनि स्थान दिइएको छ । साथै अपूर्ण वाक्य संरचनाको पनि प्रयोग गरिएको छ । जस्तै : मै सानो बाबु ।" "म

आमा ! गाउँभरीकै चञ्चल र चपल सानो बाबु आदि । यस किसिमको भाषा प्रयोगका कारण गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा अनौपचारिक भाषाशैली प्रयोग गरिएको बोध गर्न सकिन्छ ।

संवृत वा बन्द शैलीका दृष्टिले 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा : गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा युद्धकालीन समयको सन्त्रस्त परिवेशलाई सशक्त रुपमा प्रस्तुत गरिएको छ । यसमा सानो बाबु पाँच, छ वर्षपछि आफ्नो गाउँ गएको र उसको गाउँ द्वन्द्वले गर्दा पहिलेको जस्तो नरेहको विषयवस्तुलाई मूलभूत रुपमा उल्लेख गरिएको छ । साथै कथामा प्रस्तुत अधिकांश वाक्यहरुमा कर्ता, कर्म र क्रियाको उपयुक्त सङ्गति कायम रहेको छ । जस्तै : उनले हतारिँदै भनिन् - "चुन्नु नही हो । उसलाई म पनि आफ्नी बहिनीसरह माया गर्थें । यस किसिमका वाक्यको प्रयोग हुनु र कलात्मक वा आलङ्कारिक भाषा प्रयोगलाई भन्दा विषयवस्तुलाई अधिक जोड दिई प्रस्तुत गरिनुले प्रस्तुत कथामा संवृत्त वा बन्द शैलीको प्रयोग गरिएको छ भन्न सकिन्छ ।

विवृत्त वा खुला शैलीका दृष्टिले 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा : गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा केही मात्रामा विवृत्त वा खुला शैलीको प्रयोग गरिएको देख्न सकिन्छ । प्रस्तुत कथामा कलात्मक वा आलङ्कारिक भाषा प्रयोगका केही दृष्टान्त पाउन सकिने भएकाले यसको भाषाशैलीमा विवृत्तता पाउन सकिन्छ । जस्तै : मनको पीडालाई मनभित्रै अनुभूत गरेर अगाडि बढें म । स्कुलको दूरावस्थाले मनमनै पिरोलिएँ म । उनीहरुसँग भेटेर सुखदुःखका कुराहरु गर्ने तीव्र आकाङ्क्षा पलायो मेरो मनमा । म आतङ्कित हुँदै भागे आफ्नो गाउँबाट आदि । प्रस्तुत उदाहरणहरुले कर्ता, कर्म र क्रियाको व्यतिक्रमिक प्रस्तुतिका अतिरिक्त साहित्यिक वा चामत्कारिक भाषिक व्यवहारलाई दर्साउँछन् । त्यसैगरी यस कथामा चिह्न प्रयोगमा पनि विविधता रहेको पाइन्छ । जस्तै : मैले मनमनै कामना गरे- मलाई दुबै हात फैलाएर भन्न मन लाग्यो- आदि । यी उदाहरणहरुमा वाक्यको अन्त्यमा पूर्णविरामको सट्टा योजक चिह्न प्रयोग गरिएको देखिन्छ । यसबाट गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा केही मात्रामा विवृत्त वा खुल्ला शैलीको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

समग्रतः स्नातक तहमा समाविष्ट कथाहरूमा प्रयुक्त भाषाशैलीलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

स्नातक तहमा समविष्ट कथामा प्रयुक्त भाषाशैली

क्र.सं.	समाविष्ट कथाहरू	प्रयुक्त भाषाशैली					
		परम्परागत	आधुनिक	औपचारिक	अनौपचारिक	संवृत्त	विवृत्त
१	एक रात	-	√	√	-	√	√
२	लङ्का काण्ड	-	√	√	√	√	√
३	आरूको बोट	√	-	√	-	√	√
४	पछवरीया टोल	√	-	-	√	√	√
५	गाउँमा गीतहरु गुन्जिँदैनन्	√	-	√	√	√	√

यसप्रकार स्नातक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट पाँच ओटा कथाहरूमध्ये एक रात कथामा आधुनिक, संवृत्त, विवृत्त र औपचारिक शैली प्रयोग गरिएको पाइन्छ भने लङ्का काण्ड कथामा आधुनिक, संवृत्त, विवृत्त, औपचारिक र अनौपचारिक भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । त्यसैगरी आरूको बोट कथामा परम्परागत, संवृत्त, विवृत्त र औपचारिक भाषाशैलीको प्रयोग गरिएको देखिन्छ भने पछबरिया टोल कथामा परम्परागत, संवृत्त, विवृत्त र अनौपचारिक भाषाशैलीको प्रयोग गरिएको देखिन्छ । गाउँमा गीतहरु गुञ्जिदैनन् कथामा चाहिँ परम्परागत, संवृत्त, विवृत्त, औपचारिक र अनौपचारिक शैलीको प्रयोग गरिएको देखिन्छ । यसबाट स्नातक तहका कथाहरूमा विभिन्न किसिमको शैली व्यवहृत भएको स्पष्ट हुन्छ ।

स्नातक तहमा समाविष्ट कथाको भाषाशैलीप्रति विद्यार्थीहरूको प्रतिक्रिया

प्रस्तुत अध्ययनमा स्नातक तहमा समाविष्ट कथामा व्यवहृत भाषाशैलीप्रति विद्यार्थीहरूको प्रतिक्रियासमेत लिइएको छ । यस तहमा अध्ययनरत विद्यार्थीलाई खुला प्रश्नावलीमार्फत सोधिएका प्रश्नमा प्राप्त प्रतिक्रियालाई निम्नानुसारका १० ओटा थिममा विभक्त गरी प्रस्तुत गरिएको छ :

कथाको भाषाशैली : कथामा कस्तो भाषाशैलीको प्रयोग गर्नुपर्छ भनी सोधिएको प्रश्नमा आठ जना विद्यार्थीले कथामा प्रयोग गरिने भाषाशैली सरल, सहज, बोधगम्य र पाठकले बुझ्न सक्ने किसिमको हुनुपर्ने धारणा व्यक्त गरेका छन् भने एक जनाले जटिल किसिमको भाषाशैली हुनुपर्ने र अर्को एक जना विद्यार्थीले स्वच्छ, मितव्ययी, पारदर्शी तथा भाषिक शुद्धतामा आधारित र त्रुटिविहीन हुनुपर्ने धारणा प्रस्तुत गरेका छन् ।

स्नातक तहका कथाको भाषाशैली : स्नातक तहमा समाविष्ट कथामा केकस्तो भाषाशैली प्रयोग गरिएको छ भन्ने प्रश्नमा सात जना विद्यार्थीहरूले कथामा सरल तथा जटिल भाषाशैलीको प्रयोग गरिएको छ भन्ने धारणा व्यक्त गरेका छन् भने दुई जना विद्यार्थीले परम्परागत, आधुनिक, ग्रामीण र सहरिया भाषाशैलीको प्रयोग गरिएको छ भन्ने धारणा प्रस्तुत गरेका छन् ।

परम्परागत भाषाशैली : परम्परागत भाषाशैली भन्नाले के बुझिन्छ र स्नातक तहमा समाविष्ट कथाहरूमध्ये कुनकुन कथामा परम्परागत शैलीको प्रयोग गरिएको छ भनी सोधिएको प्रश्नमा सबै विद्यार्थीहरूले पहिलेदेखि अथवा परापूर्व कालदेखि चलिआएको भाषाशैलीलाई परम्परागत भाषाशैली हो भनी प्रतिक्रिया दिएका छन् भने परम्परागत भाषाशैली प्रयोग गरिएको कथा सम्बन्धमा स्नातक तह, प्रथम वर्षमा नरहेका कथाहरु (सत्रु, सहिद र परिवन्ध) को नाम उल्लेख गरेका छन् ।

आधुनिक भाषाशैली : आधुनिक भाषाशैली भन्नाले के बुझिन्छ र स्नातक तहमा समाविष्ट कुन कुन कथामा यस शैलीको प्रयोग गरिएको छ भन्ने प्रश्नमा तीन जना विद्यार्थीले वर्तमान समयमा लेखिने वा बोलिने भाषाशैली आधुनिक भाषाशैली हो भनी प्रतिक्रिया दिएका छन् भने चार जनाले नयाँ नयाँ शब्दहरूको निर्माण र प्रयोग गरी लेखिने भाषाशैलीलाई आधुनिक भाषाशैली भनिने बताएका छन् । एक जना विद्यार्थीले अहिलेको भाषाशैली नै आधुनिक भाषाशैली हो भनी जवाफ दिएका छन् । दुई जना

विद्यार्थीले चाहिँ आधुनिक युगको भाषा प्रयोग गर्नुलाई आधुनिक भाषाशैली भनिने प्रतिक्रिया दिएका छन् । भाषाशैलीको प्रयोगका सम्बन्धमा सात जना विद्यार्थीले 'पहेंलो गुलाफ' कथामा यस शैलीको प्रयोग गरिएको छ भनी धारणा व्यक्त गरेका छन् । एक जना विद्यार्थीले 'आरूको बोट' कथामा र अर्को एक जना विद्यार्थीले 'एक रात' कथामा आधुनिक भाषाशैलीको प्रयोग गरिएको बताएका छन् ।

औपचारिक भाषाशैली : औपचारिक भाषाशैली र स्नातक तहका कथामा यसको प्रयोग सम्बन्धमा सोधिएको प्रश्नमा सहभागी सबै विद्यार्थीले सहरिया जनजीवनमा प्रयोग गरिने भाषाशैलीलाई नै औपचारिक भाषाशैली भनी प्रतिक्रिया दिएका छन् । स्नातक तहका कथामा यसको प्रयोग सम्बन्धमा सात जना विद्यार्थीहरूले 'एक रात' कथामा यसको प्रयोग रहेको बताएका छन् भने एक जना विद्यार्थीले पछ्वरिया टोल कथामा प्रयोग गरिएको बताएका छन् । अन्य २ जना विद्यार्थीहरूले कुनै पनि प्रतिक्रिया दिएका छैनन् ।

अनौपचारिक भाषाशैली : अनौपचारिक भाषाशैली र स्नातक तहका कथामा यसको प्रयोग सम्बन्धमा सोधिएको प्रश्नमा पाँच जना विद्यार्थीले गाउँघरतिर बोलिने भाषालाई ग्रामीण भाषाशैली भनी उल्लेख गरेका छन् भने पाँच जनाले स्थानीय स्तरमा प्रयोग हुने भाषाशैलीलाई ग्रामीण भाषाशैली भनी प्रतिक्रिया दिएका छन् । स्नातक तहका कथामा अनौपचारिक भाषाशैलीको प्रयोग सम्बन्धमा सात जना विद्यार्थीले सावित्रीको बाख्रो कथामा ग्रामीण शैलीको प्रयोग गरिएको भनी पाठ्येतर कथा उल्लेख गरेका छन् । एक जनाले पछ्वरिया टोल कथामा प्रस्तुत शैलीको प्रयोग गरिएको बताएका छन् भने दुई जना विद्यार्थीले कुनै पनि किसिमको प्रतिक्रिया जनाएका छैनन् ।

संवृत वा बन्द भाषाशैली : संवृत्त भाषाशैली र स्नातक तहका कथा सम्बन्धमा सोधिएको प्रश्नमा दुई जना विद्यार्थीले निश्चित भाषा र खुला रूपमा प्रयोग गरिने भाषाशैलीलाई संवृत्त शैली भनिने प्रतिक्रिया दिएका छन् । एक जना विद्यार्थीले पाठकले तोकेको भाषाको मात्र प्रयोग गरिने शैलीलाई संवृत्त शैली भनिने धारणा प्रकट गरेका छन् । अन्य छ जनाले चाहिँ कुनै प्रतिक्रिया दिएका छैनन् ।

विवृत वा खुला भाषाशैली : विवृत्त वा खुला शैली र स्नातक तहमा यस किसिमको शैली प्रयोग गरिएका कथा सम्बन्धमा विद्यार्थीलाई सोधिएको प्रश्नमा तीन जना विद्यार्थीले सबै भाषिक विविधता समावेश भएको भाषाशैलीलाई विवृत्त शैली भनिने प्रतिक्रिया दिएका छन् भने अन्य सात जनाले कुनै प्रतिक्रिया नै दिएका छैनन् । स्नातक तहका कथामा यस किसिमको शैली प्रयोगका सम्बन्धमा तीन जना विद्यार्थीले लङ्का काण्ड, एकरात, पछवरिया टोल कथामा यस्तो शैली प्रयोग गरिएको बताएका छन् भने अन्य सात जना विद्यार्थीले कुनै प्रतिक्रिया दिएका छैनन् ।

भाषाशैलीका दृष्टिले उपयुक्त कथा : भाषाशैलीका दृष्टिले स्नातक तहमा समाविष्ट कथाहरूमध्ये सबैभन्दा बढी मन परेको कथा कुन हो र किन भनी सोधिएको प्रश्नमा दुई जना विद्यार्थीहरूले सहिद, लङ्का काण्ड र आरूको बोट कथा भाषाशैलीका दृष्टिले बढी मन परेको धारणा प्रस्तुत गरेका छन् । दुई जना विद्यार्थीले सहिद कथा यस दृष्टिले उपयुक्त रहेको बताएका छन् । दुई जना विद्यार्थीले

परिबन्ध कथा मन परेको बताएका छन् भने दुई जनाले एक रात कथा मन परेको बताएका छन् । बाँकी एक जनाले चाहिँ कुनै प्रतिक्रिया नै दिएका छैनन् । कथामा प्रयुक्त शैली मन पर्नुको कारण सम्बन्धमा कुनै पनि विद्यार्थीले प्रतिक्रिया नै दिएका छैनन् ।

भाषाशैलीका दृष्टिले प्रभावकारी कथा : भाषाशैलीका दृष्टिले कस्ता कथाहरु उपयुक्त हुन्छन् भनी सोधिएको प्रश्नमा सबै विद्यार्थीहरूले कथामा सरल, सहज, बोधगम्य, सम्पूर्ण पाठकहरूले बुझ्ने किसिमको र मौलिकतामा आधारित भई लेखिएका कथा बढी प्रभावकारी हुने धारणा व्यक्त गरेका छन् ।

स्नातक तहमा समाविष्ट कथामा निहित भाषाशैली र विद्यार्थी प्रतिक्रियाको तुलना

स्नातक तह, प्रथम वर्षमा समावेश गरिएका कथामा निहित भाषाशैलीको वास्तविक स्थिति र यस सम्बन्धमा विद्यार्थीहरूले दिएको प्रतिक्रियाको विश्लेषण निम्नानुसार गरिएको छ :

स्नातक तह, प्रथम वर्षको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त भाषाशैली र विद्यार्थीहरूको प्रतिक्रियालाई दाँजेर हेर्दा कथामा प्रयुक्त भाषाशैली र विद्यार्थीको भाषाशैलीका बिच व्यापक अन्तर पाउन सकिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

कथा विधामा प्रयोग गरिने भाषाशैली सरल, सहज, सम्प्रेष्य तथा बोधगम्य हुनुपर्ने सैद्धान्तिक धारणाका आधारमा विद्यार्थीको दृष्टिकोण तुलना गर्दा उनीहरूको प्रतिक्रिया सैद्धान्तिक अवधारणासँग मिल्दो देखियो । कथामा प्रयोग गरिने परम्परागत भाषाशैलीका सम्बन्धमा यसको सैद्धान्तिक अवधारणा र विद्यार्थी प्रतिक्रियाका बिच तालमेल मिलेको पाइयो । तर यसको प्रयोग सम्बन्धमा विद्यार्थीले दिएको प्रतिक्रिया उपयुक्त नरहेको पाइयो । यसबाट स्नातक तहका विद्यार्थीमा परम्परागत शैलीमा आधारित कथाबारे जनकारी नभएको पाइयो । कथामा प्रयोग हुने आधुनिक भाषाशैलीका सम्बन्धमा विद्यार्थीले दिएको प्रतिक्रिया यसको सैद्धान्तिक अवधारणासँग मिल्दो रहेको पाइयो । तर यो शैली प्रयोग गरिएको कथा सम्बन्धमा अधिकांश विद्यार्थीले पाठ्यकथाभन्दा बाहिरको कथा उल्लेख गरेको पाइयो । यसबाट उनीहरूमा पाठ्यकथाबारे गहिरो जानकारी नरहेको पाइयो ।

कथामा प्रयोग गरिने औपचारिक भाषाशैली सम्बन्धमा स्नातक तहमा अध्ययनरत विद्यार्थीको धारणा यसको सैद्धान्तिक अवधारणासँग मिल्दो देखियो । साथै यसको प्रयोग गरिएको कथा सम्बन्धमा अधिकाश विद्यार्थीले उपयुक्त जवाफ दिएको पाइयो । स्नातक तहमा समाविष्ट कथामा व्यवहृत अनौपचारिक भाषाशैली सम्बन्धमा आधाजसो विद्यार्थीले उपयुक्त उत्तर दिएको पाइयो । तर यसको भूमिकाबारे खासै चर्चा नगरेको पाइयो । कथामा व्यवहृत संवृत्त भाषाशैली सम्बन्धमा अधिकांश विद्यार्थीलाई आवश्यकीय जानकारी नै नरहेको पाइयो । यस सम्बन्धमा केहीले गलत प्रतिक्रिया दिएको र केहीले प्रतिक्रिया नै नदिएको पाइयो । यसबाट स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई संवृत्त शैलीबारे पर्याप्त जनकारी नरहेको देखियो ।

स्नातक तहमा समाविष्ट कथामा व्यवहृत विवृत्त भाषाशैली सम्बन्धमा अधिकांश विद्यार्थीले प्रतिक्रिया नै नदिएका पाइयो । यसबाट स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई विवृत्त भाषाशैलीबारे आवश्यक जानकारी नभएको पाइयो । स्नातक तहमा समाविष्ट कथामध्ये भाषाशैलीका दृष्टिले सबैभन्दा उपयुक्त कथा सम्बन्धमा केही विद्यार्थीले पाठ्यकथा र केहीले पाठ्येतर कथा उल्लखे गरेको पाइयो । यसबाट स्नातक तहमा समावेश गरिएका सबै कथाबारे सबै विद्यार्थीलाई जनकारी नभएको देखियो । भाषाशैलीका दृष्टिले उपयुक्त कथा सम्बन्धमा सोधिएको जिज्ञासामा विद्यार्थीले फरक फरक कथालाई उल्लेख गरेको पाइयो । कतिपय विद्यार्थीले पाठ्यकथाभन्दा बाहिर गएर पनि प्रतिक्रिया दिएको पाइयो । यसबाट स्नातक तह, प्रथम वर्षमा अध्ययनरत विद्यार्थीमा भाषाशैलीसम्बन्धमा यथेष्ट जानकारी नरहेको देखियो ।

निष्कर्ष

उल्लिखित व्याख्या विश्लेषणलाई दृष्टिगत गर्दा स्नातक तहमा समाविष्ट कथामा निहित भाषाशैली, त्यसको प्रतिक्रिया र त्यस सम्बन्धमा विद्यार्थीले दिएको प्रतिक्रिया अध्ययनका आधारमा विभिन्न निचोड प्राप्त गरिएको छ । वस्तुतः स्नातक तहका कथाहरूमा परम्परागत, आधुनिक, औपचारिक, अनौपचारिक, संवृत्त र विवृत्त भाषाशैलीको प्रयोग गरिएको छ । स्नातक तहमा समाविष्ट कथाहरूमध्ये एक रात कथामा आधुनिक, संवृत्त, विवृत्त र औपचारिक शैली प्रयोग गरिएको छ । लङ्का काण्ड कथामा आधुनिक, संवृत्त, विवृत्त, औपचारिक र अनौपचारिक भाषाशैलीको प्रयोग गरिएको छ । आरूको बोट कथामा परम्परागत, संवृत्त, विवृत्त र औपचारिक भाषाशैलीको प्रयोग गरिएको छ । पछबरिया टोल कथामा परम्परागत, संवृत्त, विवृत्त र अनौपचारिक भाषाशैलीको प्रयोग गरिएको छ । गाउँमा गीतहरू गुञ्जिदैनन् कथामा चाहिँ परम्परागत, संवृत्त, विवृत्त, औपचारिक र अनौपचारिक शैलीको प्रयोग गरिएको छ । स्नातक तहमा समाविष्ट कथाको भाषाशैली सम्बन्धमा सहभागी विद्यार्थीहध्ये अधिकांश विद्यार्थीलाई अपेक्षाकृत जानकारी रहेको देखिँदैन । साथै स्नातक तहमा समावेश गरिएका कथामा व्यवहृत भाषाशैली र त्यसको प्रकृतिबारे विद्यार्थीले दिएको प्रतिक्रिया सम्बन्धित कथाको स्थितिसँग मेल खाएको पाइँदैन । प्रस्तुत अध्ययनले स्नातक तहमा समावेश गरिएका निर्दिष्ट कथाका रचनाकार, अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थीका अलावा यस क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि आवश्यकीय ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

कृतज्ञता

प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोगअन्तर्गत रही *स्नातक तहमा समाविष्ट कथाको सन्दर्भपरक अध्ययन* शीर्षकमा गरिराखिएको अनुसन्धानसँग आंशिक रूपमा सम्बन्धित रहेको छ । अतएव प्रस्तुत अनुसन्धानका लागि आवश्यकीय सहायता उपलब्ध गराउने विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुरप्रति विशेष आभार प्रकट गर्दछु । साथै यसको प्रकाशनका लागि अवसर प्रदान गर्ने त्रिभुवन

विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुरप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सन्दर्भसूची

गौतम, लक्ष्मणप्रसाद .(२०६९). *नेपाली कथाको इतिहास* : नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, हरिप्रसाद .(२०६८). *श्वेत भैरवी कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, श्री सिद्धनाथ बहुमुखी क्याम्पस भीमदत्तनगर, कञ्चनपुर ।

ढकाल, कल्पना .(२०६३). *मुलुक बाहिर उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

प्रभात, रमेश .(२०७०). *पात्रविधानका कोणबाट चन्द्रवदन कथाको अध्ययन,* (स्नातकोत्तर शोधपत्र) नेपाली शिक्षा विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।

पाण्डे, देवकी कुमारी .(२०७७). *मधेसतिर कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पाण्डे, राजाराम .(२०६८). *छिमेकी कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद .(२०७८). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, कृष्ण विलास .(२०७४). *आधुनिक नेपाली आख्यान र नाटक* : कालिञ्चोक प्रस्तक प्रकाशन प्रा. लि ।

भण्डारी, पारसमणि र अन्य .(२०७५). *नेपाली गद्य र नाटक* : विद्यार्थी पुस्तक भण्डार ।

रानाभाट, भगवती .(२०७४). *समय त्रासदी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र .(२०७७). *भाषिक विद्या शिक्षण* : सनलाइट पब्लिकेसन ।

शर्मा, मोहनराज .(२०७९). *शैलीविज्ञान* : नेपाल प्रज्ञा प्रतिष्ठान ।